जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ३१ पृष्ठः ४ | २०८३ जेठ ०७ बिहीबार (Thursday 21 May 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## ‘कृत्रिम पोखरीले चुरेको पानी सङ्कट टर्ने’



सिरहा, ६ जेठ। लहान नगरपालिकामा निर्माण सुरु गरिएको नयाँ बहुउद्देश्यीय कृत्रिम पोखरीले चुरे क्षेत्रको पानीको सङ्कट टार्ने र सयौँ बिघा जमिनमा सिँचाइ सुविधा पुर्‍याउने सरोकारवालाहरूले दाबी गरेका छन्। जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि लहानका वडा नं १५ र १८ मा यसअघि नै नौवटा बहुउद्देश्यीय मानवनिर्मित कृत्रिम पोखरी निर्माण भइसकेको पृष्ठभूमिमा राजदेवी चुरे सामुदायिक वनभित्र पर्ने ढोड्ना खोलाकिनारको १० बिघा क्षेत्रफलमा बृहत् पोखरीको शिलान्यास गरिएको हो।

स्थानीय जनप्रतिनिधि तथा वातावरणविद्हरूले यस्तो परियोजना चुरे संरक्षण र पर्यापर्यटनका लागि कोसेढुङ्गा सावित हुने दाबी गरेका छन्। लहान नगरपालिका-१५ का वडाध्यक्ष तेजनारायण चौधरीले पोखरी निर्माणपछि चुरे फेदीका लाग्राहा र आसपासका किसानले राहत पाउने दाबी गर्नुभयो।

उहाँले भन्नुभयो, “यस वडामा बन्ने नयाँ पोखरीले चुरे फेदीका लाग्राहा र आसपासका करिब पाँच सय बिघा खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुग्नेछ, जसले किसानको उत्पादकत्व बढाउन प्रत्यक्ष मद्दत पुग्नेछ।” पोखरी निर्माणपछि पर्यापर्यटनसँगै कृषि क्षेत्रमा समेत सहयोग पुग्ने उहाँको विश्वास छ।

त्यस्तै, वातावरणविद् दिनेश यादवले पुराना आहाल र पोखरी मासिएका कारण चुरेमा पानीको मुहान सुक्दै गएको उल्लेख गर्दै यस कृत्रिम पोखरीले ‘वाटर रिचार्ज’ को मुख्य काम गर्ने दाबी गर्नुभयो। “जलवायु परिवर्तनको असरले चुरे आसपासका बस्तीमा पानीको सङ्कट भयावह बन्दैछ। पोखरीहरूले जमिनमा पानी रिचार्जको मुख्य काम गर्छन्। तर,

–बाँकी तीन पेजमा

## त्रियुगाको स्प्रिङ मिनरल उद्योगमा प्रशासनले गर्‍यो सिल

गाईघाट, ६ जेठ। उदयपुरको त्रियुगा नगरपालिका–३ मोतिगडामा रहेको स्प्रिङ मिनरल उद्योगमा प्रशासनले सिल गरेको छ। मङ्गलबार खाद्य तथा गुणस्तर नियन्त्रण डिभिजन कार्यालय उदयपुर गाईघाटसहित जिल्ला प्रशासन कार्यालयको टोलीले अनुगमन गर्ने क्रममा उक्त उद्योगमा मापदण्डविपरीत पानी फिल्टरिङ गरेर उपभोक्ताको स्वास्थ्य असरपार्ने कार्य भएको भेटिएकाले सिल गरिएको प्रशासनले जनाएको छ।

खाद्य तथा गुणस्तर नियन्त्रण डिभिजन कार्यालयका प्रमुख निराजन मगरका अनुसार उपभोक्ताको पटकपटकको गुनासोपछि टोलीले उक्त उद्योगमा अनुगमन गर्दा मादण्डविपरीत पानी उत्पादन गरिरहेको पाइएकाले तत्काल सिल गरिएको छ। यसभन्दाअघि उक्त उद्योगमा मादण्डविपरीत काम गरेको पाइएकाले सामान्य दण्ड जरिवाना गरिएको तर पटकपटक निर्देशन दिँदा अटेरी गरेर उपभोक्ताको स्वास्थ्यमा हानि हुने काम गरेको पाइएका कारण यसपटक भने उद्योगलाई सिल गरिएको खाद्य तथा गुणस्तर नियन्त्रण डिभिजन कार्यालयले जनाएको छ।

उदयपुरका सहायक प्रमुख जिल्ला अधिकारी विक्रम पाण्डेले पटकपटक सचेत गराउँदा पनि अटेरी गरेर मादण्डविपरीत काम गरेका कारण अहिले बाध्य भएर उद्योग सिल गरिएको पाण्डेले बताउनुभयो। यस्तै, सो मिनरल उद्योगबाट उत्पादन गरेर बजार क्षेत्रमा विस्तार गरिएका ‘मिनरल वाटर’ सबै बिक्रीमा रोक लगाइएको प्रशासनले बताएको छ।

## पूर्वमन्त्री गुप्ता ५० लाख धरौटीमा थुनामुक्त

काठमाडौँ, ६ जेठ। घुस लिएको आरोमा पक्राउ परेका पूर्वमन्त्री राजकुमार गुप्तालाई सर्वोच्च अदालतले रु ५० लाख नगद धरौटी वा सो बराबरको बैंक ग्यारेन्टी लिई थुनामुक्त गर्न आदेश दिएको छ। न्यायाधीशद्वय शारङ्गा सुवेदी र सुनिलकुमार पोखरेलको संयुक्त इजलासले मङ्गलबार गरेको आदेशमा आज सार्वजनिक भएको लिखित आदेशमा उक्त धरौटी लिएर पूर्वमन्त्री गुप्तालाई धरौटीमा थुनामुक्त गर्न उल्लेख छ।


आदेशमा भनिएको छ, “मुद्दाको फैसला हुँदाका बखत ठहरेबमोजिम हुने गरी हाललाई राजकुमार गुप्ताबाट विशेष अदालत ऐन, २०५९ को दफा ७ (घ) बमोजिम यी निवेदक प्रतिवादीबाट रु ५० लाख नगद धरौटी वा सो बराबरको बैंक ग्यारेन्टी वा जेथा जमानत दिए लिई मुद्दाको पूर्पक्षका लागि तारेखमा राख्नू।” विशेष अदालत काठमाडौँले आदेश पुर्पक्षका लागि थुनामा राख्ने आदेशलाई बदर गर्दै गुप्तालाई धरौटीमा थुनामुक्त गरेको हो। आदेशमा भनिएको छ, “निवेदक प्रतिवादी राजकुमार गुप्तालाई मुद्दा पर्पक्षका लागि थुनामा राख्ने गरी विशेष अदालत, काठमाडौँबाट २०८२/९/१६ गते भएको आदेश मिलेको नदेखिँदा बदर गरी दिएको छ।”

–बाँकी तीन पेजमा

**सडक सुरक्षा**

सडकमा हिडदा होसियार बनौ, नियम मानेर अनुशासित बनौ
हेलमेट, सिटबेल्ट, नबिर्सौ, जीवनलाई सुरक्षित बनाऔं।

**आमसंचार प्राधिकरण**
मधेश प्रदेश, जनकपुरधाम




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**सेवाग्राहीमैत्री सेवा, सुशासनको आधार**

- सेवाग्राहीसँग नम्र, शिष्ट र सम्मानजनक व्यवहार गरौं,
- सेवा प्रक्रियालाई सरल, छिटो र पारदर्शी बनाऔं,
- अनावश्यक ढिलाइ र झन्झटबाट मुक्त सेवा प्रवाह गरौं,
- सूचनाको हक सुनिश्चित गरौं,
- भ्रष्टाचार र अनियमितता पूर्ण रूपमा निषेध गरौं,
- गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाऔं,
- प्रविधिमैत्री सेवा विस्तार गरौं,
- जवाफदेही र परिणाममुखी कार्यशैली विकास गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## अदालतमा कार्यपालिकाको सेप नलागोस् !

नेपालको प्रधान न्यायाधीश पदमा मंगलवार डा. मनोजकुमार शर्मा नियुक्त भएका छन्। संवैधानिक परिषद्ले गरेको सिफारिसमा वरीयताको परम्परा मिचिएको भन्दै आलोचना भएको थियो। उनको संसदीय सुनुवाइ पनि विवादमुक्त रहेन। सञ्चार माध्यम, सामाजिक सञ्जाल र नागरिक समाजमा डा. शर्माको नियुक्तिलाई 'फास्टट्र्याक'को संज्ञा दिएर कटाक्ष गरिएको छ।

संवैधानिक परिषद्ले डा. शर्माको नाम सिफारिस गरेदेखि नै नेपाल बार एसोसियसनले असन्तुष्टि जाहेर गरेको थियो। मंगलवार त झन् कानुन व्यवसायीहरूको प्रतिनिधि संस्था नेपाल बार एसोसियसनले सांकेतिक विरोधको लागि दिउँसै लालटिन बालेर प्रदर्शन गऱ्यो। यसले बार र बेन्चबीचको विवाद चर्कने सन्देह बढाएको छ।

सर्वोच्च अदालतका बहालवाला न्यायाधीशहरू विशेषगरी वरीयतामा अगाडि रहेकाहरूलाई राजनीतिक दलहरूको निकट रहेको आरोप लागेको थियो। संवैधानिक परिषद्ले 'कार्यसम्पादन'का आधारमा सिफारिस गरिएको बताए पनि तथ्यले पुष्टि हुन सकेन। बरु, राजनीतिक नेतृत्वले न्यायपालिकामा आफूअनुकूलको नेतृत्व स्थापित गर्न विधि र प्रक्रिया मिच्न नहिचकिचाउने प्रवृत्ति भने दोहोरिएको देखियो। नियुक्ति प्रक्रियामा देखिएका यी तमाम बेथिति र विकृतिलाई अब इतिहास मान्नुपर्ने बाध्यता छ। तर, न्यायपालिकाको गरिमामा थप क्षति हुन नदिने मूल जिम्मेवारी नवनियुक्त प्रधान न्यायाधीश डा. शर्माकै काँधमा आइपुगेको छ। यसका लागि कानुन व्यवसायी र बहालवाला न्यायाधीशहरूको रचनात्मक सहयोग पनि उत्तिकै अपरिहार्य हुन्छ। विगतको विवादलाई भविष्यको पाठका रूपमा लिएर न्यायपालिकाको नयाँ अध्याय सुरु गर्नु नै सबैको हितमा हुनेछ।

प्रधान न्यायाधीश डा. शर्माले 'न्याय सम्पादनमा कसैको दबाब' स्वीकार नगर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। यसैले प्रधान न्यायाधीश डा. शर्मालाई पनि शंकाको सुविधा नदिनु न्यायोचित हुँदैन। अब उनको सिफारिस, सुनुवाइ र विगतका आधारमा नभई उनले आगामी दिनमा गर्ने कामका आधारमा धारणा समर्थन र विरोध गरिनुपर्छ। न्यायपालिकाको साख बढाउन उनको विशेष भूमिका पो हुन्छ कि ? यसबीच सर्वोच्च अदालत प्रशासनले तत्कालीन कायममुकायम प्रधान न्यायाधीशको आदेश अवज्ञा गरेर अर्को विवादको बीउ रोपेको छ। यसपटक कर्मचारीले डा. शर्माको सिफारिसविरुद्ध परेको रिट निवेदन दर्ता नगरेर उनलाई सघाएको देखाएको छ। सर्वोच्च अदालतका कर्मचारीले यसअघि पनि कार्यपालिकाको पक्षमा नागरिक अधिकार कुण्ठित गर्ने निर्णय लिने गरेका थिए। प्रशासनले दर्ता नगरेको रिट इजलासको आदेशबाट दर्ता जारी भएका उदाहरण पनि छन्।

प्रधान न्यायाधीश डा. शर्माको नियुक्ति प्रक्रियामाथि उठेका प्रश्नहरू अब उनका आगामी निर्णय र आचरणले मात्र सम्बोधन गर्न सक्छन्। कार्यपालिकाको प्रभावमा न्यायपालिका चलेको आभाससमेत जनविश्वासका लागि घातक हुनेछ। त्यसैले उनले निष्पक्षता, पारदर्शिता र संस्थागत मर्यादाबाटै आफूविरुद्ध उठेका आशंकाको उत्तर दिनुपर्नेछ। सर्वोच्च अदालतको कुनै पनि निर्णयले अनुचितरूपमा सरकारको पक्ष लिएको वा कार्यपालिकाको इसारामा फैसला भएको देखियो भने डा। शर्माप्रति गरिएको शंका जनताका दृष्टिमा पनि पुष्टि हुन्छ। यसैले प्रधान न्यायाधीश डा. शर्माले 'सत्राजितको आरोपको प्रतिवाद गर्न कृष्णले स्यमन्तक मणि खोजेर बुझाएको' पौराणिक कथाको पाठ स्मरण गर्नु उचित हुनेछ।

नागरिकको अन्तिम आश्रय न्यायालयप्रतिको विश्वास पुनर्स्थापित गर्ने अवसर अब नवनियुक्त प्रधान न्यायाधीशसामु छ। उनको कार्यकाल न्यायपालिकाको स्वायत्तता बलियो बनाउने दिशामा सफल होस्। डा. शर्मालाई सफल कार्यकालको शुभकामना !

# प्रेस स्वतन्त्रतादेखि दूरसञ्चार विस्तारसम्मका प्रश्नमा सञ्चारमन्त्री तिमल्सिनाद्वारा संसद्मा जवाफ

काठमाडौँ, ६ जेठ। सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले प्रेस स्वतन्त्रताप्रति सरकारको पूर्ण प्रतिबद्धता जनाउँदै सञ्चार क्षेत्रको सामग्री अनुगमनका लागि प्रेस काउन्सिल नेपाललाई सशक्त बनाइने बताउनुभएको छ। प्रतिनिधिसभाका विभिन्न बैठकको शून्य र विशेष समयमा सांसदबाट आफ्नो मन्त्रालयसँग सम्बन्धित उठाइएका प्रश्नको आज जवाफ दिँदै मन्त्री तिमिल्सिनाले प्रेस काउन्सिलको क्षमता अभिवृद्धि गर्ने, प्रभावकारिता बढाउने र नेपालको मिडिया क्षेत्रलाई स्वच्छ, स्वतन्त्र, जवाफदेही र गौरव गर्न सकिने बलियो संस्थाका रुपमा विकास गर्न सरकार प्रतिबद्ध रहेको स्पष्ट पार्नुभएको हो।

उहाँले मन्त्रालयको कार्यक्षेत्रमा पर्ने चलचित्र र आमसञ्चारको क्षेत्रमार्फत योगदान गर्ने योजना रहेकाले बजेट तथा कार्यक्रममा यी विषयलाई सम्बोधन गरिने उल्लेख गर्नुभयो। उहाँले मौलिक पहिचान दिलाउने गरी निर्माण हुने चलचित्रलाई प्रोत्साहन अनुदान दिइने जानकारी दिनुभयो। मन्त्री तिमिल्सनाले मातृभाषा र कलाक्षेत्रसँग सम्बन्धित विषयवस्तुलाई समाचार सम्प्रेषण गर्न र गराउन मन्त्रालय सम्बद्ध सञ्चार संस्थालाई क्रियाशील गराउने गरी बजेट तथा कार्यक्रम प्रस्ताव गरिएको जानकारी दिनुभयो। मन्त्री तिमिल्सनाले सांसदका प्रश्नको विषयगत जवाफ दिनुभएको थियो।

### प्रेस स्वतन्त्रता

उहाँले प्रेसलाई नियन्त्रित गर्ने सरकारको कुनै मनसाय नरहेको स्पष्ट पार्नुभयो। "प्रेस स्वतन्त्रताको अधिकार संविधानले दिएको हो। कसैले यो अधिकार कुण्ठित गर्न सक्दैन तर प्रेस स्वतन्त्रताका नाममा स्वच्छन्दता भने हुनु हुँदैन। प्रेसले आफ्नो गरिमा र सीमालाई कायम राख्न सक्नुपर्छ", मन्त्री तिमिल्सिनाले भन्नुभयो, "प्रेसले त्यसरी आफ्नो गरिमा र सीमालाई कायम राख्दा सरकारले चाहेर पनि केही गर्न सक्दैन। त्यसकारण गरिमा र सीमालाई ख्याल गरेर ढुक्क भएर काम गर्न म पत्रकारिता जगतलाई आग्रह गर्दछु।" सांसदले राखेको जिज्ञासाको उत्तर दिँदै उहाँले समाचार सङ्कलनका लागि सङ्घीय संसद् भवनमा आउने सञ्चारकर्मीका लागि मुख्य भवन परिसरभित्र प्रतिक्षा गर्ने स्थानमा अस्थायी त्रिपाल, कुर्सी र पिउने पानीको संसद् सचिवालयले प्रबन्ध गरेको जानकारी पनि गराउनुभयो।

### सूचना प्रविधि

मन्त्री तिमिल्सनाले दुर्गम क्षेत्रमा बसेर काम गर्न सकिने 'डिजिटल वर्क' हक तथा 'कम्युनिटी आइटी सेन्टर' स्थापना गर्नुपर्ने सुझावलाई मनन गरिने स्पष्ट पार्नुभयो। नेपालका सबै क्षेत्रहरू र खास गरी दुर्गम क्षेत्र एवं बढी व्यावसायिक कारोबार हुने क्षेत्रमा फोन र इन्टरनेट सेवाको पहुँच बढाउन र गूणस्तर सुधार्न बजेट तथा कार्यक्रमसहित आवश्यक कार्य गर्ने गराउने विषय सरकारको उच्च प्राथमिकतामा रहेको उहाँको भनाइ थियो। 'रिमोट वर्क'सम्बन्धी सूचना प्रणाली विकास भइसकेको एवं नीतिगत निर्णय भई कार्यान्वयन हुने तयारीमा रहेको जनाउँदै उहाँले सरकारका सम्पूर्ण कार्यहरू एकीकृत व्यवस्थापन सूचना प्रणालीमार्फत भइरहेको जानकारी दिनुभयो।

अपाङ्गता भएका व्यक्तिहरूको सहज पहुँचका लागि सरकारी वेबसाइट 'वेब कन्टेन्ट एक्सिसिबिलिटी गाइडेन्स' अनुसार पहुँचयुक्त बनाउने कार्य भएको र यो काम निरन्तर सुधारको दिशामा अघि बढ्ने मन्त्री तिमिल्सनाको जवाफ थियो। सरकारको नीति तथा कार्यक्रममा सूचना प्रविधिलाई राष्ट्रिय रणनीतिक उद्योग घोषणा गरी नेपाललाई 'टेक हक' बनाउने अवधारणा नीतिको आधारमा नेपाली युवाको क्षमता उपयोग गर्नुपर्ने व्यवस्था गरिएको जनाउँदै उहाँले एकीकृत डाटा व्यवस्थापन केन्द्र, डाटा रिकभरी सेन्टर, हेटौँडाको क्षमता अभिवृद्धि तथा कोहलपुरमा नयाँ डाटा सेन्टरको सञ्चालन गरी सर्भर डाउन न्यूनीकरण गर्ने सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्नुभयो।

इन्टरनेट सेवा तथा मोबाइल नेटवर्कको विकास र विस्तार गरी समस्या समाधान गरिने बताउँदै उहाँले डिजिटल भुक्तानीलाई सुदृढ गराउने गरी आएका सुझावहरू उचित रहेको धारणा राख्नुभयो।

### सूचनाको हक

उहाँले सूचनाको हकलाई प्रत्याभूत गर्दै सरकारी सूचनाहरू आधिकारिक सामाजिक सञ्जाल एवं विभिन्न सरकारी प्रणाली तथा एपमार्फत प्रदान गरिँदै आएको जनाउनुभयो। नागरिक एपमार्फत सरकारी सेवाहरूमा सबैको सहज पहुँचका लागि सेवा थप गरिएको तथा सोसम्बन्धी सचेतनाका कार्यक्रम भइरहेको उहाँले बताउनुभयो। "खुकुलो र पारदर्शी नियमन तथा नियामकको व्यवस्था, करको दर पुनरावलोकन तथा 'इन्ट्री ब्यारियर' हटाइ इन्टरनेट सञ्जालको व्यापक विस्तार गरिनेछ", उहाँले भन्नुभयो, "यसका लागि सूचना प्रविधि विधेयक, साइबर सुरक्षा विधेयक र एआईसम्बन्धी विधेयकहरू तयारी तथा तर्जुमाका चरणमा छन्।"

### दूरसञ्चार

दूरसञ्चार तथा इन्टरनेट सेवासम्बन्धी विषयप्रति सरकार गम्भीर र संवेदनशील रहेको जानकारी दिँदै उहाँले सरकारको प्राथमिकता आगामी एक वर्षभित्र दुर्गमदेखि शहरी क्षेत्रसम्म भरपर्दो, गुणस्तरीय र पहुँचयोग्य दूरसञ्चार सेवा विस्तार गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। डोल्पालगायत दुर्गम जिल्लामा हाल नेपाल टेलिकमका २६ वटा तथा निजी क्षेत्रका टावरमार्फत सेवा सञ्चालनमा रहेको र ग्रामीण दूरसञ्चार विकास कोषको परिचालन गरी काइके, जगदुल्ला, त्रिपुरासुन्दरी, ठूलीभेरी, मुड्केचुला, शे-फोक्सुण्डो, डोल्पो बुद्ध तथा छार्का ताङसोङ गाउँपालिकाका अधिकांश वडामा ब्रोडब्यान्ड तथा इन्टरनेट सेवा विस्तार भइसकेको अवगत गराउनुभयो। "यद्यपि, सम्पूर्ण घरधुरीसम्म 'कार्पेट कभरेज' पुग्न बाँकी छ। सरकारले आगामी एक वर्षभित्र थप 'फोर जी' विस्तार, नयाँ साइट स्थापना तथा आवश्यक पूर्वाधार सुदृढीकरणमार्फत दुर्गम क्षेत्रका सबै सम्भव बस्तीमा सेवा पुऱ्याउने कार्ययोजना अघि बढाएको छ", उहाँले सांसदहरूलाई जवाफ दिने क्रममा भन्नुभयो।

सेवा गुणस्तर सुधार तथा नेटवर्क क्षमता अभिवृद्धिका लागि अल्पकालीन रूपमा हाल सञ्चालनमा रहेका फोर जी नेटवर्कहरूको क्षमता विस्तार, आवश्यक स्थानमा पावर अपग्रेड तथा भीडभाड बढी भएका क्षेत्रमा अतिरिक्त क्षमता थप्ने कार्य अघि बढाइएको र यसबाट इन्टरनेट गति वृद्धि, सेवा अवरोध न्यूनीकरण तथा प्रयोगकर्ताको अनुभवमा सुधार आउने अपेक्षा गरिएको उहाँको भनाइ थियो। साथै, ग्रामीण तथा दुर्गम क्षेत्रमा राम्रो पहुँच सुनिश्चित गर्न ९०० मेगाहर्ज फ्रिक्वेन्सीमार्फत फोरजी सेवा विस्तार गर्ने योजना कार्यान्वयनमा ल्याइने जानकारी मन्त्री डा तिमिल्सिनाले दिनुभयो।

त्यसैगरी, लालबन्दी, रामेछाप, ललितपुरलगायत क्षेत्रमा देखिएका कमजोर मोबाइल तथा इन्टरनेट सेवाको समस्या समाधानका लागि सेवा प्रदायक संस्थाहरूसँग आवश्यक समन्वय तथा सहजीकरण भइरहेको उहाँले बताउनुभयो। सरकारले तत्काल, मध्यम तथा दीर्घकालीन योजनाअनुसार काम अघि बढाएको र आगामी तीनदेखि छ महिनाभित्र आवश्यक नयाँ टु जी फोर जी साइटहरू थप्ने, फोर जी मात्र भएका क्षेत्रमा टु जी तथा टु जी मात्र भएका क्षेत्रमा फोर जी सेवा विस्तार गर्ने योजना मन्त्रालयको छ।

त्यस्तै, आगामी एक वर्षभित्र पूर्वी तराईका १३ जिल्लामा नयाँ टु जी फोर जी परियोजना कार्यान्वयन गरी त्यहाँ उपलब्ध हुने स्रोतसाधनलाई देशका अन्य दुर्गम तथा आवश्यकता भएका क्षेत्रमा समेत पुनः परिचालन गरिने जनाइएको छ। मन्त्री तिमिल्सिनाले जवाफ दिने क्रममा भन्नुभयो, "डिजिटल नेपालको लक्ष्यलाई व्यवहारमा उतार्न, इन्टरनेट सेवा नपुगेका दुर्गम बस्तीमा ग्रामीण दूरसञ्चार विकास कोषमार्फत आगामी एक वर्षभित्र पहुँच विस्तार गर्ने स्पष्ट कार्ययोजना सरकारले अघि बढाएको छ। साथै, सरकारी कार्यालयहरूमा देखिने सर्भर डाउन तथा कनेक्टिभिटी समस्या समाधानका लागि 'डाटा सेन्टर, नेटवर्क रिलायबलिटी तथा ब्याकअप सिस्टम' सुधारका कार्यक्रम समेत कार्यान्वयन गरिनेछ।"

# वीरगञ्ज महानगरपालिकाले प्रशासकीय अधिकृतलाई हाजिर गर्न दिएन

वीरगञ्ज, ६ जेठ। सङ्घीय सरकारले खटाएको प्रमुख प्रशासकीय अधिकृतलाई वीरगञ्ज महानगरपालिकाले हाजिर गर्नबाट अवरोध गर्दै आएको छ। नेपाल सरकार मन्त्रिपरिषद्को २०८२ फागुन १२ गतेको निर्णयानुसार वीरगञ्ज महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतमा रेशमलाल कँडेललाई सरुवा गरिएको थियो। तर, वीरगञ्ज महानगरले प्रमुख प्रशासकीय अधिकृत कँडेललाई हाजिर गर्ने वातावरण भने तयार पारेको छैन।

विगत १० दिनदेखि प्रमुख प्रशासकीय अधिकृत कँडेल वीरगञ्जमै हुनुहुन्छ। तर उहाँलाई महानगरपालिकाले हाजिर गर्न भने दिएको छैन। वीरगञ्ज महानगरका प्रमुख राजेशमान सिंहले सङ्घीय सरकारले गत फागुन १२ गते प्रमुख प्रशासकीय अधिकृत कँडेलको सरुवा गरेको भए पनि उहाँले वीरगञ्ज आउन ढिलाइ गर्नुभएको आरोप लगाउनुभयो। "उहाँ सरुवा हुनेबित्तिकै आउन चाहनुभएन्", महानगर प्रमुख सिंहले भन्नुभयो, "अहिले उहाँ मन्त्रालयले ताकेता गरेपछि मात्रै आउन खोज्नुभएकाले पनि हाजिरी गराउन नखोजेका हौँ। हामीलाई उहाँभन्दा नयाँ प्रमुख प्रशासकीय अधिकृत पठाइदिएमा राम्रो हुने थियो भन्दै आएका छौँ।"

प्रमुख प्रशासकीय अधिकृत कँडेलले भने आफू वीरगञ्जमै भए पनि महानगरको कार्यालयमा गएर हाजिरी गर्ने वातावरण नभएको जानकारी दिनुभयो। "विगत १० दिनदेखि वीरगञ्जमै बस्दै आएको छु। अहिलेसम्म महानगरमा हाजिर गर्ने वातावरण बनेको छैन। म अहिले पनि हाजिर हुने प्रतीक्षामा जिल्ला प्रशासन कार्यालयमा आएर बसिरहेको छु", प्रमुख प्रशासकीय अधिकृत कँडेलले भन्नुभयो। भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता एकदेव अधिकारीले अहिलेको सरकारले भन्दा पनि यसअघिको सरकारले प्रमुख प्रशासकीय अधिकृतलाई सरुवा गरेकाले हाजिर गराउने विषयमा वीरगञ्ज महानगरसँग समन्वय गरिरहेको बताउनुभयो। "मन्त्रालय र वीरगञ्ज महानगरबीच समन्वय भइरहेको छ। केही दिनभित्रै अहिले देखिएको समस्या समाधान हुने विश्वास लिएका छौँ", उहाँले भन्नुभयो।

महानगर प्रमुख सिंहले प्रमुख प्रशासकीय अधिकृत नहुँदा यहाँको आर्थिक र प्रशासकीय काम रोकिएको दाबी गर्नुभयो। मन्त्रालयले गत वैशाख ४ गते यसअघिका प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णसँग रहेको आर्थिक र प्रशासनिक जिम्मेवारी हटाएको थियो। उहाँ महानगरका शिक्षा महाशाखाका १०औँ तहका कर्मचारी हुनुहुन्छ।

## ‘कृत्रिम पोखरीले ...

पुराना आहाल र पोखरी नै मासिएपछि जमिन रिचार्ज हुन नपाएर पानीका मूल बर्सेनि सुक्दै गएका हुन्। बर्खाको पानीलाई यस्ता कृत्रिम पोखरीमा जम्मा गरी वरिपरिको जमिनलाई चिस्यानयुक्त बनाइराख्न यो परियोजनाले ठूलो मद्दत पुर्‍याउनेछ”, यादवले भन्नुभयो।

केयर नेपालका कार्यक्रम व्यवस्थापक जगदीश भट्टले पनि वन क्षेत्रभित्र बन्ने यस्ता पोखरीले वन्यजन्तुको तिर्खा मेटाउनुका साथै जैविक विविधता र माछापालनमा समेत बहुआयामिक फाइदा पुर्‍याउने दाबी गर्नुभयो। उहाँले भन्नुभयो, “यस्ता बहुउद्देश्यीय कृत्रिम पोखरी निर्माणले जैविक विविधताको संरक्षण, पर्यापर्यटनको प्रवर्द्धन, स्थानीयको जीविकोपार्जन र माछापालनमा सहयोग पुग्छ। यसका साथै स्थानीय किसानलाई सिँचाइको व्यवस्था हुनुका साथै जमिनमुनिको पानीको सतह बढाउन ‘वाटर रिचार्ज’को कामसमेत हुनेछ।”

लहान नगरपालिकाको समन्वयमा केयर नेपाल, फेकोफन र राष्ट्रिय कृषक समूह महासङ्घको संयुक्त ‘संरक्षण परियोजना’ अन्तर्गत रु १० लाख ५१ हजारको आर्थिक सहयोग र नगरपालिकाको प्राविधिक सहयोगमा यो पोखरी आगामी एक महिनाभित्रै सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

लहान नगरपालिकाले चुरे क्षेत्रको पर्यावरण र सुक्दै गएका पानीका मुहान जोगाउने कार्यलाई प्राथमिकतामा राखेको जनाएको छ। चुरे क्षेत्रको संरक्षण र स्थानीयको जीवनस्तर सुधारका लागि एकीकृत प्रयास आवश्यक रहेको उल्लेख गर्दै लहान नगरपालिकाका नगरप्रमुख महेश चौधरीले भन्नुभयो, “चुरे संरक्षण हाम्रा लागि जीवनमरणको सवाल बनेको छ। वनक्षेत्रमा पानीको सङ्कट हुँदा पर्यावरणमात्र होइन, तल्लो तटीय क्षेत्रको कृषिसमेत सङ्कटमा पर्छ। त्यसैले विभिन्न साझेदार संस्थाहरूसँग समन्वय गरेर हामीले चुरे क्षेत्रमा कृत्रिम पोखरी निर्माणलाई अभियानकै रूपमा अघि बढाएका छौँ। नगरपालिका यसको दिगो व्यवस्थापनका लागि सधैँ प्रतिबद्ध छ।”

## पूर्वमन्त्री गुप्ता...

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गुप्ता सामान्य प्रशासनमन्त्री भएको बेलामा रामचन्द्र अधिकारीलाई मालपोत कार्यालय कास्कीबाट सरुवा थमौती गराइ दिने तथा खमबहादुर पुनलाई भूमिसम्बन्धी समस्या समाधान आयोग कास्कीको अध्यक्षमा नियुक्ति दिलाउन घुस लिएको आरोपमा मुद्दा दायर गरेको थियो। अदालतले प्रतिवादी रामचन्द्र अधिकारी, तुल्सीराम बुढा मगर र रन्जिता श्रेष्ठको हकमा धरौटीमा थुनामुक्त गर्ने विशेष अदालतको आदेश सदर गरेको छ।

# वनकरिया भाषा जोगाउन जुट्दै नयाँ पुस्ता

**राजु विश्वकर्मा**



बागमती, ६ जेठ। ‘हाम्रो आफ्नै भाषा थियो, आफ्नै संस्कृति थियो। तर जङ्गल छाडेर मानव बस्तीमा आएपछि ती सबै विस्तारै हराउन थाले।” वनकरिया समुदायकी युवा अगुवा आरती वनकरियाको यो भनाइले एउटा समुदायको पीडा मात्र होइन, अस्तित्व जोगाउने सङ्घर्ष पनि सुनाउँछ। कुनै समय चुरे क्षेत्रका जङ्गलमा फिरन्ते जीवन बिताउने वनकरिया समुदाय अहिले मकवानपुरको मनहरी गाउँपालिका–४ स्थित एउटा सानो बस्तीमा बसोबास गरिरहेको छ। जङ्गलसँगै उहाँहरूको जीवनशैली फेरियो तर सबैभन्दा ठूलो असर उहाँहरूको भाषा र संस्कृतिमा पर्‍यो। नयाँ पुस्ताले मातृभाषा बोल्न छाड्दै गएपछि समुदायले आफ्नो पहिचान नै सङ्कटमा परेको महसुस गर्न थालेको छ।

लोपोन्मुख वनकरिया समुदाय आफैँ आफ्नो भाषा जोगाउने अभियानमा जुटेको छ। आरती वनकरिया र उहाँका साथीहरूले आफ्ना पुर्खाको भाषा, संस्कृति र इतिहासको अध्ययन सुरु गरेका छन्। उहाँहरूका अनुसार भाषा हराउनु भनेको समुदायको पहिचान हराउनु हो। “हाम्रा पूर्वजहरू जङ्गलमा बस्दा हाम्रो आफ्नो छुट्टै भाषा थियो तर जङ्गलबाट जब मानवबस्तीमा सरेपछि हाम्रो भाषा र संस्कृति नै लोप हुन थाल्यो”, वनकरिया भाषाबारे अध्ययन गर्नुभएका सोही बस्तीका अगुवा आरती वनकरियाले भन्नुभयो, “आफ्नो भाषा र संस्कृतिको संरक्षण हामीले नै गर्नुपर्छ भनेर अध्ययन सुरु गरेका छौँ।”

वनकरिया समुदायको भाषा अध्ययनका लागि भाषा आयोगबाट पनि सहयोग भइरहेको छ। “वनकरिया समुदायको आफ्नै भाषा भए पनि मानवबस्तीमा सरेपछि हाम्रो समुदायका सबै वनकरिया भाषा बोल्न छाडिसक्नुभएको छ”, आरती वनकरियाले भन्नुभयो, “भाषा लोप हुँदा पहिचान र संस्कृति नै हराउँदै जान्छ, त्यसैले हामी हाम्रो भाषाको अस्तित्व लोप हुन नदिन जुटेका छौँ, भाषाको बारेमा अध्ययन गरिरहेका छौँ।” भाषाको अध्ययनका लागि हाम्रो समुदायको उत्पतिदेखि अहिलेसम्मको अवस्था र हाम्रो भाषाका शब्दहरू सङ्कलन गरेर पाठ्यसामग्री प्रकाशनका लागि भाषा आयोगमा पठाएका छौँ, उहाँको कथन छ।

कुनैबेला पर्साको मध्यवर्ती क्षेत्र चुरेघाँचमा फिरन्ते जातको रुपमा चिनिने लोपोन्मुख वनकरिया जातिलाई सरकारले २०६२ सालमा जङ्गली जीवनबाट मानव वस्तीमा सारेको थियो। जिल्ला वन कार्यालय मकवानपुरले कबुलियती वन समूहअन्तर्गत नौ हेक्टर क्षेत्रफलमा रहेको उक्त बस्तीमा २४ घरपरिवार वनकरिया समुदायको बसोबास छन्। त्यहीँ ठाउँमा ती जातिका व्यक्तिहरू करिब २० वर्षदेखि बन्दै आएका छन्। विसं २०७८ को जनगणनाअनुसार नेपालमा वनकरिया समुदायको जनसङ्ख्या केबल ज्ञ८० छ। त्यसमध्ये मातृभाषा बोल्नेको सङ्ख्या ८६ मात्र रहेको छ।

पहिले जङ्गलमा घुमन्ते जीवन बिताउने वनकरिया अहिले खेतीपाती, पशुपालन र मजदुरी गरेर जीवन चलाइरहेका छन्। परिवर्तनको अर्को सकारात्मक पाटो शिक्षा पनि बनेको छ। केही वर्षअघिसम्म विद्यालयको पहुँच बाहिर रहेको समुदायका बालबालिका अहिले विद्यालय जान थालेका छन्। समुदायका केही युवाले एसइई र कक्षा १२ समेत उत्तीर्ण गरेका छन्। भाषा आयोगले पनि वनकरिया भाषाको संरक्षणमा सहयोग गरिरहेको छ। आयोगले समुदायका सदस्यको सहयोगमा शब्द सङ्कलन गरी प्रारम्भिक पाठ्यसामग्री तयार पारिसकेको जनाएको छ। “वनकरिया बस्तीको स्थलगत सर्वेक्षणपश्चात् आरती वनकरिया र सम्झना वनकरियाको सहयोगमा शब्द सङ्कलनको काम गरेका छौँ”, भाषा आयोगका उपसचिव गोविन्दप्रसाद पौडेल भन्नुहुन्छ, “सङ्कलन भएको शब्दबाट विज्ञहरूद्वारा प्रारम्भिक चरणको पाठ्यसामग्री तयार पारिसकेका छौँ, केही दिनभित्रै प्रकाशन गर्ने तयारी भएको छ।” साथै, वनकरिया समुदायको पहिचान झल्किने वृत्तचित्र पनि निर्माण गरिएको उपसचिव पौडेलको भनाइ छ।

# बढ्दै छ ‘डेटा सेन्टर’मा लगानी, क्षेत्रीय ‘हब’ बन्न सक्ला त नेपाल ?

**कमलकुमार बस्नेत**

काठमाडौँ, ६ जेठ। गणितज्ञ तथा डेटा (तथ्याङ्क) वैज्ञानिक क्लाइभ हम्बीले सन् २००६ मै डेटालाई नयाँ तेलका रुपमा व्याख्या गर्नुभएको थियो। अर्थात् आधुनिक अर्थतन्त्रमा डेटाले तेलले जस्तै शक्ति र मूल्य राख्न थालेको छ भन्ने उहाँको भनाइ थियो। औद्योगिक युगमा अर्थतन्त्र चलाउने मुख्य स्रोत तेल थियो, कार, उद्योग, यातायात सबै तेलमा निर्भर थिए। तर अहिले डिजिटल युगमा त्यो भूमिका डेटाले लिएको छ।

अहिलेको विश्व बजारमा जसको नियन्त्रणमा डेटा हुन्छ, भविष्यको अर्थतन्त्रमा उसैको प्रभाव बढी हुन्छ भनिन्छ। यही कारण अहिले अमेरिका, चीन, युरोपदेखि मध्यपूर्वसम्म डेटा सेन्टरमा अर्बौं डलर लगानी गरिरहेका छन्।

डेटा सेन्टरको महत्व नेपालमा पनि बढ्दै छ। प्रविधिको प्रयोग बढ्दै जाँदा र हरेक क्षेत्रमा प्रविधिमा आश्रित हुँदै गर्दा डेटा सेन्टरमा लगानी, यसको महत्व र आवश्यकता बढ्दै गएको देखिन्छ। गत वैशाख २४ गते केही नेपाली व्यवसायीले काठमाडौँ र वीरगञ्जमा टायर–४ को हाइपरस्केल बिचुटेन डेटा वर्ल्ड नामक डेटा सेन्टर निर्माणको घोषणाले पनि यसलाई पुष्टि गरेको छ। दुवै ठाउँमा करिब रु पाँच अर्ब लगानी गर्ने कम्पनीले घोषणा गरिसकेको छ।

त्यति मात्रै होइन, अर्थमन्त्री डा स्वर्णिम वाग्लेले बिचुटेन डेटा वर्ल्डका लगानीकर्तासँग भेट गरी डेटा सेन्टर निर्माणमा सरकारले आवश्यक सहयोग गर्ने वचन दिइसक्नुभएको छ। सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले पनि नेपालमा डेटा सेन्टर निर्माणमा विदेशी लगानीको सम्भाव्यताका अध्ययन गर्ने बताउनुभएको छ। उहाँले डेटा सेन्टरमा बहुराष्ट्रिय कम्पनीको रुचि र सम्भाव्यताका विषयलाई सरकारले अध्ययन योजना बनाएको उल्लेख गर्नुभएको हो।

नेपालमा अहिले डिजिटल प्रयोग तीव्र गतिमा बढिरहेको छ। अधिकांश बैंकिङ कारोबार मोबाइलबाट हुन थालेका छन्, सरकारी सेवा अनलाइनमा गइरहेका छन्, भिडियो सामग्री हेर्ने प्रयोगकर्ता बढिरहेका छन्, सामाजिक सञ्जालको प्रयोग व्यापक छ र कृत्रिम बुद्धिमत्ता (एआई) प्रयोग गर्नेको सङ्ख्या पनि विस्तारै बढ्दै गएको छ। केही वर्षअघिसम्म सामान्य मानिने ‘डेटा’ अहिले अर्थतन्त्र, व्यापार, सुरक्षा र सरकारी सेवाको केन्द्रमा पुगिसकेको छ। यही डेटालाई सुरक्षित राख्ने, प्रशोधन गर्ने र सञ्चालन गर्ने आधार भनेको ‘डेटा सेन्टर’ हो।

हुवावे नेपालमा विगत १० वर्षदेखि काम गरिरहनुभएका हुवावे टेक्नोलोजीका निर्देशक रोहितचन्द्र शाह नेपालमा मात्रै होइन विश्वभर डेटाको महत्व बढ्दै गएको उल्लेख गर्दै यसमा लगानी पनि बढ्न थालेको बताउनुहुन्छ। शाह नेपालको पहिलो एक्रिडेटेड टायर स्पेसलिस्ट (एटिएस) हुनुहुन्छ। “अहिले हरेक क्षेत्र प्रविधिमय भइरहेको छ, यसले डेटा सेन्टरको महत्व बढाएको छ, पहिले टेलिकम कम्पनीले मात्रै प्रयोग गर्दथे भने अहिले हरेक क्षेत्रका लागि डेटा सेन्टर आवश्यक भइसकेको छ”, उहाँले भन्नुभयो। शाहका अनुसार हुवावेले नेपालमा लामो समयदेखि डेटा सेन्टरसम्बन्धी सेलुसन दिँदै आएको छ। “हुवावेले डेटा सेन्टर निर्माणदेखि सबै सेवा पनि उपलब्ध गराउँदै आएको छ, साना र ठूला गरी एक दर्जनभन्दा बढी डेटा सेन्टर निर्माण गरिसकेका छौँ, अब हामी एआई डेटा सेन्टरमा केन्द्रित भइरहेका छौँ”, शाहले भन्नुभयो।

डेटा सेन्टर केवल सर्भर राख्ने भवन मात्रै होइन। भविष्यमा डेटा सेन्टर नै एआई, क्लाउड कम्प्युटिङ, फाइभ–जी, स्मार्ट सिटी, स्वचालित उद्योग र डिजिटल अर्थतन्त्रको मुख्य आधार बन्नेछ। विशेषगरी ऊर्जा दक्षता, स्मार्ट व्यवस्थापन, उच्च क्षमताको कम्प्युटिङ र ‘ग्रीन डेटा सेन्टर’ मा जोड हुवावेको भनाइ छ। “बैंकको एउटा डिजिटल केवाइसी एकदेखि १५ एमबीसम्मको भइसकेको छ। डिजिटलाइजेसनको प्रयोग जति बढ्दै जान्छ, त्यति नै डेटा सेन्टरको आवश्यकता बढ्दै जान्छ”, साहले भन्नुभयो, “डेटा सेन्टरको महत्व कतिसम्म छ भने डेटा सेन्टरमा समस्या आउँदा सम्पूर्ण प्रणालीमै समस्या आउँछ।”

### नेपालमा डेटा सेन्टरको अवस्था

हाल नेपालमा सरकारी तथा निजी क्षेत्र दुवैले डेटा सेन्टरमा लगानी गरिरहेका छन्। सरकारले पनि ‘डिजिटल नेपाल’ अभियानअन्तर्गत सरकारी सेवा अनलाइनमा लैजाने नीति अघि बढाइरहेको छ। राष्ट्रिय सूचना प्रविधि केन्द्रमार्फत सरकारी डेटा व्यवस्थापन भइरहेको छ भने भविष्यमा सरकारी क्लाउड प्रणाली विस्तार गर्ने योजना पनि बनाइएको छ। नेपाल सरकारले सिंहदरबारभित्र एकीकृत डेटा व्यवस्थापन केन्द्र सञ्चालन गरिरहेको छ। सन् २००९ मा कोरियाली सरकारको अनुदानमा निर्माण गरिएको यो डेटा सेन्टरले सरकारी निकायको डोमेन दर्तादेखि वेबसाइट होस्टिङसम्मको सम्पूर्ण काम, सरकारी निकायको विद्युतीय सेवालाई आवश्यकपर्ने सूचना प्रविधि पूर्वाधार उपलब्ध गराउने, सिंहदरबार नेटवर्क पूर्वाधारको सञ्चालन र व्यवस्थापन, सरकारी डेटा ब्याकअपलगायतका काम गर्दै आएको छ।

त्यसबाहेक सरकारी संस्था नेपाल टेलिकमको जावलाखेल र भैरहवामा रहेको डेटा सेन्टरका साथै एचभनसेल, वर्ल्डलिंकलगायतका दूरसञ्चार तथा इन्टरनेट सेवा प्रदायक कम्पनीहरूले आफ्ना सेवा सञ्चालनका लागि डेटा पूर्वाधार विस्तार गरिरहेका छन्। नक्खुस्थित एनसेलको डेटा सेन्टर, स्यूचाटारस्थित नेपाल विद्युत् प्राधिकरणको डेटा सेन्टर, वर्ल्डलिङ्कको डेटा सेन्टर ठूलामध्येका एक हुन्।

### क्षेत्रीय हब बन्न सक्छ नेपाल

विज्ञहरूका अनुसार नेपालको डेटा सेन्टर उद्योग अझै प्रारम्भिक चरणमै छ। यद्यपि नेपाल डेटा सेन्टरका लागि क्षेत्रीय ‘हब’ बन्नसक्ने जानकारहरू बताउँछन्। पछिल्लो समय डेटा सेन्टरमा भइरहेको लगानी, विदेशी कम्पनीहरूले देखाएको रुचि मात्रै होइन सस्तो ऊर्जाको उपलब्धता र भूगोलका कारण पनि नेपाल डेटा सेन्टरको केन्द्र बन्नसक्ने उहाँहरूको बुझाइ छ। नेपाल डेटा सेन्टरको हब बन्नसक्ने सम्भावना रहेको बिचुटेन डेटा वर्ल्डका प्रबन्धनिर्देशक नवीन अग्रवाल स्वीकार गर्नुहुन्छ। “प्रविधिको बढ्दो प्रयोगले डेटा सेन्टरमा लगानी बढिरहेको छ, यस विषयमा हामीले पनि डेढ वर्ष अनुसन्धान गरेर लगानी गर्ने निर्णय गरेका हौँ, सबै हिसाबले नेपाल डेटा सेन्टरको हब बन्नसक्ने ठूलो सम्भावना मैले देखेको छु”, उहाँले भन्नुभयो।

नेपालमा हावापानी चिसो हुँदा कुलिङ गर्नका लागि कम ऊर्जा खपत हुन्छ। अन्य मुलुकको तुलनामा सञ्चालन खर्च पनि कम छ, यदि हामीले निकै कम खर्चमा सेवा दिन सकियो भने नेपाललाई क्षेत्रीय डेटा हबका रुपमा विकास गर्न सकिने हुवावे टेक्नोलोजीका निर्देशक साहको भनाइ छ। एआइका लागि प्रयोग हुने ‘जिपियु सर्भर’ ले अत्यधिक ताप उत्पादन गर्ने भएकाले अहिले विश्वभर डेटा सेन्टर उद्योग नयाँ चिस्यान प्रणालीतर्फ गइरहेको छ। एआई डेटा सेन्टरमा ऊर्जा खपत धेरै हुने भएकाले विद्युत् व्यवस्थापन र ताप नियन्त्रण सबैभन्दा महत्त्वपूर्ण विषय बन्नेछ।

कम्पनी अहिले विश्वभर क्लाउड कम्प्युटिङ, एआई पूर्वाधार, स्मार्ट ऊर्जा प्रणाली र डेटा सेन्टर समाधानमा लगानी बढाइरहेको छ। हाल हुवावेले मात्रै एआई डेटा सेन्टरका लागि ‘वन–स्टप सोलुसन’ विकास गरिरहेको दाबी गरको छ। यसअन्तर्गत कम्पनीले विद्युत् प्रणाली, ब्याकअप पावर, स्मार्ट निगरानी, नेटवर्क, चिस्यान व्यवस्थापन र क्लाउड प्रणालीलाई एउटै संरचनामा जोड्ने रणनीति बनाएको छ। भविष्यका डेटा सेन्टर पूर्ण रूपमा स्वचालित

# कृषि क्षेत्रमा बजेट बढ्दो, उत्पादन घट्दो

**राजाराम कार्की**

काठमाडौँ, ६ जेठ। पछिल्ला एक दशकमा कृषि क्षेत्रमा लगानी र उत्पादनबीचको अन्तर बढेको छ। बजेट बढ्दै गएपनि उत्पादन तथा उर्वर जमिन भने घट्दै गएको छ। आर्थिक वर्ष २०७०/७१ देखि २०८०/८१ सम्म मुख्य खाद्यान्नबालीको उत्पादनमा उतारचढाव देखिएको हो। केही बालीको उत्पादन वृद्धि भए पनि परम्परागत बाली सङ्कटउन्मुख देखिएका छन्। नेपालीको मुख्य खाद्यान्नबाली धान, मकै, गहुँ, कोदो र फापर हो।

सरकारले प्रतिवर्ष कृषि क्षेत्रमा १० दशमलव सात प्रतिशतले बजेट बढाउँदै लगेको छ। आव २०७०/७१ मा २१ अर्ब ४० करोड र २०८१/८२ मा ५९ अर्ब रुपैयाँ विनियोजन गरेको थियो। साविक कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सार्वजनिक गरेको 'नेपालको कृषिसम्बन्धी तथ्याङ्क जानकारी' पुस्तकमा उल्लेख भएअनुसार आव २०७०/७१ मा धान ५० लाख ४७ हजार ४७, मकै २२ लाख ८३ हजार २२२ गहुँ, १८ लाख ८३ हजार १४७, कोदो तीन लाख चार हजार १०५ र फापर एक लाख ३३५ मेट्रिकटन उत्पादन भएको थियो। पछिल्ला वर्षमा गहुँबाहेक धान, चामल, भारत, कोदो, फापर चीन, अर्जेन्टिना, मलेसियालगायत मुलुकबाट आयात भएको भन्सार विभागको तथ्याङ्कमा उल्लेख छ।

आव २०८१/८२ मा धान र चामल गरी सात लाख ५३ हजार ३०५ मेट्रिकटन, मकै दुई लाख ९९ हजार ९८९ मेट्रिकटन, कोदो आठ हजार ४४३ मेट्रिकटन र फापर ६९८ मेट्रिकटन आयात भएको छ। आव २०८१/८२ मा धान चामल खरिदमा ४० अर्ब १८ करोड, मकै १९ अर्ब २७ करोड, कोदो ४२ करोड ३० लाख र फापर खरिद गर्न पाँच करोड ३० लाख रुपैयाँ गरी सो वर्ष कुल ५९ अर्ब ९२ करोड ६० लाख रुपैयाँ बाहिरिएको छ।

सोही आवमा सरकाले कृषि क्षेत्रको विकासका लागि ५७ अर्ब २९ करोड रुपैयाँ बजेट विनियोजन गरेको थियो। जुन बजेट कृषि विकासका लागि आयातमा चार दशमलव शून्य ६ प्रतिशत अर्थात् दुई अर्ब ६३ करोड ६० लाख रुपैयाँले बढी हो। तथ्याङ्कअनुसार धानको उत्पादन प्रतिवर्ष एक दशमलव ०३४ प्रतिशतले र जनसङ्ख्या वृद्धिदर भने प्रतिवर्ष शून्य दशमलव ९२ प्रतिशतले वृद्धि भइरहेको केन्द्रीय तथ्याङ्क विभागले जनाएको छ। २०७८ सालको जनगणना अनुसार नेपालको जनसङ्ख्या दुई करोड ९१ लाख ६४ हजार ५७८ रहेको छ।

कृषि वन तथा पर्यावरण मन्त्रालय, कृषि विभागका वरिष्ठ कृषि अर्थ विज्ञ तिलकराज चौलागाईका अनुसार तीन करोड जनसङ्ख्यालाई धान्न करिब ७० लाख मेट्रिकटन धानको आवश्यकता रहेको बताउनुहुन्छ। सो जनसङ्ख्यालाई धान्न १३ लाख मेट्रिकटन धानको उत्पादन वृद्धि गर्नुपर्नेछ। आव २०८१/८२ मा ३१ लाख ९३ हजार ८६९ मेट्रिकटन मकै उत्पादन भएको छ। दश वर्षमा नौ लाख १० हजार ६४७ मेट्रिकटन उत्पादन बढेको छ। जुन प्रतिवर्ष तीन दशमलव नौ आठ प्रतिशतले वृद्धि हो। गहुँको उत्पादन आठ प्रतिशतले वृद्धि भई २० लाख ३५ हजार ५५९ मेट्रिकटन पुगेको छ। जुन प्रतिवर्ष शून्य आठ प्रतिशतले वृद्धि हो।

कोदो र फापरको उत्पादन १० वर्षमा निकै खस्किएको छ। आव २०७०/७१ मा कोदो तीन लाख चार हजार १०५ मेट्रिकटन थियो भने २०८०/८१ मा २४ हजार ९३१ मेट्रिकटन छ। प्रतिवर्ष कोदोको उत्पादन २२ दशमलव एक प्रतिशतले घटेको छ। त्यसैगरी, फापर २०७०/७१ मा एक लाख ३३५ मेट्रिकटन थियो भने आव २०८०/८१ मा १४ हजार ५१६ मेट्रिकटन मात्र भयो। फापरको उत्पादन प्रतिवर्ष १७ दशमलव छ प्रतिशतले घटेको छ।

दशवर्षमा सरकारले कृषि क्षेत्रको बजेट १० दशमलव सात प्रतिशतले बढाउँदै लगेको छ भने उत्पादन धानको प्रतिवर्ष एक दशमलव शून्य ३४ मकैको तीन दशमलव ९८, गहुँको ०८ प्रतिशतले वृद्धि भएको छ भने कोदोको प्रतिवर्ष २२ दशमलव एक र फापरको १७ दशमलव छ प्रतिशतले गिरावट आएको छ।

अर्कातर्फ खेतीयोग्य जमिन पनि घट्दै गएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार २०६८ सालको कृषि गणनामा २५ लाख २५ हजार ६३९ हेक्टर र त्यसको १० वर्षपछि अर्थात् २०७८ सालको कृषि गणनामा आइपुग्दा झण्डै तीन लाख हेक्टर जमिन घट्न गई २२ लाख १८ हजार ४१० हेक्टर जमिन खेतीयोग्यमा खुम्चिएको उल्लेख छ। नेपालमा प्रत्येक १०/१० वर्षमा कृषि गणना गरिँदै आएको छ। कृषि गणनाको सुरुआत विसं २०१८ देखि प्रारम्भ गरिएको हो।

# प्रदेश प्रमुखसमक्ष वार्षिक प्रतिवेदन पेस

धनुषा, ६ जेठ। मधेस प्रदेशका प्रदेश प्रमुख सुरेन्द्रलाभ कर्णसमक्ष आज महालेखा परीक्षक कार्यालयको आठौँ वार्षिक प्रतिवेदन पेस गरेको छ। जनकपुरधामस्थित प्रदेश प्रमुखको कार्यालयमा आयोजित कार्यक्रममा महालेखा परीक्षक कार्यालयका नायब महालेखा परीक्षक ताराप्रसाद पाण्डेले आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षणसम्बन्धी आठौँ वार्षिक प्रतिवेदन प्रदेश प्रमुख कर्णलाई बुझाउनुभएको हो। प्रतिवेदनमा प्रदेश सरकारअन्तर्गतका मन्त्रालय, निर्देशनालय, स्थानीय तह तथा अन्य सार्वजनिक निकायहरूको आर्थिक कारोबार, राजस्व सङ्कलन, बजेट कार्यान्वयन, खर्च प्रणाली तथा वित्तीय अनुशासनसम्बन्धी विषय समेटिएको बताइएको छ। लेखापरीक्षणका क्रममा देखिएका बेरुजु, आर्थिक अनियमितता, प्रक्रिया मिचेर गरिएको खर्च तथा सुधार गर्नुपर्ने पक्षबारे प्रतिवेदनमा उल्लेख गरिएको छ।

प्रतिवेदन बुझ्दै प्रदेश प्रमुख कर्णले सुशासन प्रवर्द्धन, आर्थिक अनुशासन कायम तथा सार्वजनिक निकायलाई थप जिम्मेवार बनाउन महालेखा परीक्षणको भूमिका महत्वपूर्ण रहने बताउनुभयो। उहाँले प्रतिवेदनमा औँल्याइएका विषयलाई सम्बन्धित निकायले गम्भीरतापूर्वक अध्ययन गरी सुधारका लागि आवश्यक कदम चाल्नुपर्नेमा जोड दिनुभयो। प्रदेश प्रमुख कर्णले सार्वजनिक स्रोत र साधनको पारदर्शी तथा प्रभावकारी उपयोग हुनुपर्ने उल्लेख गर्दै आर्थिक कारोबारलाई नियमसम्मत, मितव्ययी र जनउत्तरदायी बनाउन सबै निकाय जिम्मेवार हुनुपर्ने धारणा व्यक्त गर्नुभयो। उहाँले लेखापरीक्षणबाट औँल्याइएका कमजोरी सच्याउन सके मात्र सुशासन र विकासप्रतिको जनविश्वास बलियो हुने बताउनुभयो।

नायब महालेखा परीक्षक पाण्डेले प्रतिवेदनले सार्वजनिक निकायको वित्तीय व्यवस्थापनलाई थप व्यवस्थित र उत्तरदायी बनाउन सहयोग पुग्ने विचार व्यक्त गर्नुभयो। उहाँले बेरुजु न्यूनीकरण, आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण तथा आर्थिक पारदर्शिताका लागि सम्बन्धित निकायले आवश्यक सुधारात्मक कदम चाल्नुपर्ने आवश्यकता औँल्याउनुभयो। कार्यक्रममा प्रदेश प्रमुख कार्यालयका सचिव, महालेखा परीक्षक कार्यालयका कर्मचारी तथा विभिन्न सरकारी निकायका प्रतिनिधिको उपस्थिति रहेको थियो।

# मधेस प्रदेशको ४४२ हेक्टर वनक्षेत्र अतिक्रमण मुक्त

जनकपुरधाम, ६ जेठ। वर्षौंदेखि मधेस प्रदेशका विभिन्न जिल्लामा अतिक्रमित ४४२ हेक्टर वन क्षेत्र गत आर्थिक वर्ष २०८१/८२ मा अतिक्रमण मुक्त गरिएको छ। मधेस प्रदेश वन निर्देशनालय जनकपुरधामका अनुसार थप अतिक्रमित वनक्षेत्र खाली गर्न तथा गराउन सम्बन्धित वन कार्यालयले सूचना जारी गरेका छन्।

निर्देशनालयबाट प्राप्त विवरणअनुसार धनुषामा ३० हेक्टर, सर्लाहीमा १७५ हेक्टर, सप्तरीमा १११ हेक्टर , बारामा ५४ हेक्टर, पर्सामा ४५ हेक्टर, रौटहटमा १२ हेक्टर, सिरहामा १० हेक्टर तथा महोत्तरीमा तीन हेक्टर वनक्षेत्रको जमिन फिर्ता लिइएको छ। अतिक्रमित वनक्षेत्रमा खेतीपाती, गोठनिर्माण, होटल तथा पसल सञ्चालन, घरसमेत निर्माणगरी बसोबास भइरहेको थियो। निर्देशनालयका निर्देशक जगगनाथप्रसाद जयसवालले मधेस प्रदेशको आठवटै जिल्लाबाट अहिले पनि १६ हजार ५९९ हेक्टर जमिन अतिक्रमणमा परेको जानकारी दिनुभयो। अतिक्रमित वनक्षेको जमिन खाली गर्ने प्रक्रिया सुरु गरिएको तथा त्यसमा सबैको सहयोग आवश्यक रहेको बताउनुभयो।

लामो समयदेखि अतिक्रमित वनक्षेत्रको समस्या समाधान गर्न प्रदेश सरकारले पहल गरिरहेको जनाइएको छ। यसका लागि प्रशासनिक संयन्त्रले एक्लै समाधान गर्न नसक्ने भएकाले राजनीतिक तथा स्थानीय संयन्त्रको समन्वय आवश्यक रहकाले त्यसतर्फ काम भइरहेको निर्देशक जयसवालले उल्लेख गर्नुभयो।

हाल नेपालमा ४५ प्रतिशत भू–भाग वनले ढाकेको भए पनि मधेस प्रदेशमा मात्र तीन दशमलव ७२ प्रतिशत भूभाग वनक्षेत्रले ढाकेको छ। प्रदेशभरि दुई लाख दुई हजार २०२ हेक्टर जमिनमा वनक्षेत्र रहे पनि १३६ स्थानीय तहमध्ये ८९ वटामा वनक्षेत्र नै नभएको बताइएको छ। जसमध्ये मधेसको कुल वनक्षेत्रमध्ये आठ प्रतिशत वनक्षेत्र अतिक्रमणमा परेको हो।

# सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा स्थानीय सरकारको महत्व र गरिमा व्यापक : राष्ट्रपति पौडेल

सुनसरी, ६ जेठ। राष्ट्रपति रामचन्द्र पौडेलले मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा आइसकेपछि स्थानीय सरकारको महत्व र गरिमा व्यापक र गहन भएको बताउनुभएको छ। सुनसरीको कोशी गाउँपालिकामा निर्माण भएको लौकही सिटी हल समुदघाटन समारोहलाई आज सम्बोधन गर्दै उहाँले जनताका न्यूनतम आधारभूत आवश्यकता, तथा जनचाहना अनुरूप विकासका कार्यलाई तिव्रता दिएर संघीय लोकतान्त्रिक गणतन्त्रको मूल्य, मान्यता र आदर्श अनुरूपका कार्यहरू सवल बनाउनुपर्नेमा जोड दिनुभयो।

राष्ट्रपति पौडेलले भन्नुभयो, "शान्ति, विकास र सुशासनको माध्यमबाट नै जनताको हित र चाहनासँगै संविधान र शासनप्रणालीले राखेको उद्देश्य पूरा हुन्छ। यसतर्फ तपाईंहरूले विशेष ध्यान दिनुहुनेछ भन्ने मैले आशा राखेको छु।" राष्ट्रपति पौडेलले स्थानीय तह जनताको सबैभन्दा नजिकको सरकार भएको उल्लेख गर्दै जनअपेक्षा अनुरूप सेवा प्रवाह गर्नु, सुविधा उपलब्ध गराउनु तथा विकासका कार्यहरू सञ्चालन गर्नु स्थानीय सरकारको महत्त्वपूर्ण दायित्व भएको बताउनुभयो। उहाँले भन्नुभयो, "यसै सन्दर्भमा यो ग्रामीण क्षेत्रमा यस्तो आधुनिक तथा बहुउपयोगी सिटी हलको निर्माण हुनु निकै सराहनीय छ। यो परियोजना विकासमा तीनै तहको सरकारबीच हुने सहकार्यको राम्रो उदाहरण पनि हो।"

सप्तकोशी नदीको किनारमा रहको कोशी गाउँपालिका ऐतिहासिक एवं धार्मिक दृष्टिकोणले पनि महत्त्वपूर्ण ठाउँ भएको उल्लेख गर्दै राष्ट्रपति पौडेलले सप्तकोशी नदीको कुशाहाघाटमा प्रजातन्त्र प्राप्तिका लागि क्रान्ति भएकाले यो ठाउँको सम्बन्ध प्रजातान्त्रिक आन्दोलनसँग जोडिएको स्मरण गर्नुभयो। उहाँले भन्नुभयो, "सप्तकोशी समिपमा महत्त्वपूर्ण धार्मिकस्थलहरू बराहक्षेत्रधाम, रामधुनी, पिण्डेश्वर, दन्तकाली तथा बुढासुब्बा मन्दिर छन्। तसर्थ यस क्षेत्रको भ्रमणबाट मलाई मनोरम अनुभुति पनि भएको छ। ऐतिहासिक, भौगोलिक तथा धार्मिक दृष्टिकोणले पनि महत्त्वपूर्ण यो ठाउँ पर्यटन विकासको प्रचूर सम्भावना भएको ठाउँ भएकाले यसलाई त्यही रूपमा विकास गर्न म सम्बद्ध सबै पक्षसँग आग्रह गर्दछु।"

राष्ट्रपति पौडेलले २०६५ सालमा कोशी बाँध फुट्दा बस्ती नै विस्थापित भएको यस ठाउँमा बस्ती पुनःस्थापित भएको र विकासका गतिविधिहरू तीव्र रूपमा सञ्चालन भएको देख्दा आफूलाई खुशी लागेको बताउनुभयो। तीनै तहको सरकारको हातेमालोबाट यस बाढीपीडित जोखिमयुक्त क्षेत्रमा विपद् व्यवस्थापनका पूर्व तयारीको पर्याप्त व्यवस्था गर्न ध्यान पुऱ्याउने अपेक्षा आफूले राखेको उहाँको भनाइ छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# छैटौँ मिल्स गोल्डकप फुटबल यही जेठ ९ देखि

मोरङ, ६ जेठ। मिल्स गोल्डकप फुटबल ट्रस्ट रानी विराटनगरद्वारा यही जेठ ९ गतेदेखि १६ गतेसम्म छैटौँ 'मिल्स गोल्डकप फुटबल प्रतियोगिता–२०८३' सञ्चालन गर्ने भएको छ। आज यहाँ आयोजित पत्रकार सम्मेलनमा विराटनगर जुट मिल्सको खेल मैदानमा कोशी प्रदेशका 'क' श्रेणीका आठ फुटबल टिमहरूले प्रतिस्पर्धा गर्ने जनाइएको छ। प्रतियोगितामा कनकाई स्पोर्टिङ क्लब भापा, ब्रदरहुड फुटबल क्लब उदयपुर, एपीएफ पकली, टी डब्लु वाईसी विराटनगर, लेटाङ फुटबल क्लब, कोशी प्रदेश प्रहरी कार्यालय रानी, इनरुवा फुटबल क्लब सुनसरी र लालीगुराँस स्पोर्टिङ क्लब मिल्स एरिया सहभागी हुनेछन्।

ट्रस्टका अध्यक्ष विष्णु डङ्गोलले स्थानीयस्तरका युवाहरूमा फुटबलप्रति आकर्षण जगाउने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको बताउनुभयो। प्रतियोगिताका विजेता टोलीले दुई लाख एक हजार १११ रुपैयाँसहित ट्रफी पाउने छन् भने उपविजेता टोलीले एक लाख एक हजार १११ रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन्। यसैगरी चार वटा विधागत पुरस्कारबापत तीन हजार १०० रुपैयाँ र प्रत्येक दिनको उत्कृष्ट खेलाडीलाई दुई हजार ५०० रुपैयाँ प्रदान गरिनेछ। प्रतियोगिता सम्पन्न गर्न १० लाख रुपैयाँ लाग्ने अनुमान गरिएको प्रतियोगिताका संयोजक अमृत गुरुङले जानकारी दिनुभयो।

मोबाइलमा होइन सडकमा हेरौं, जीवन लिने दुर्घटना टारौं। सबैले साबधानी अपनाऔं, लापरबाही गरी ज्यानलाई जोखिममा नपारौं।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)